## वैठक नं ४२

मितिः २०८१।०३।०२ गते आईतबार, जिल्ला कानूनी सहायता समिति, बर्दियाको जिल्ला कानूनी सहायता समिति बर्दियाका अध्यक्ष जिल्ला न्यायाधिवक्ता नगेन्द्र लम्सालको अध्यक्षतामा वैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

श्री नगेन्द्र लम्साल, अध्यक्ष

श्री कमलप्रसाद पाण्डे, सदस्य

(अध्यक्ष, बर्दिया जिल्ला अदालत बार एशोसिएसन)

अधिवक्ता श्री उमानाथ ज्ञवाली, सदस्य

अधिवक्ता श्री श्यामबहादुर थापा, सदस्य

श्री दिवाकर शर्मा खनाल, सदस्य सचिव

(सचिव, बर्दिया जिल्ला अदालत बार एशोसिएसन)

आमन्त्रित

श्री प्रदिप ज्ञवाली, कानूनी सहायता अधिकृत

**छलफलका विषयहरू**

१) विपन्न व्यक्तिलाई कानूनी सहायता लगायत अपराध न्यूनीकरण सम्बन्धी विभिन्न विषयमा सचेतना कार्यक्रम सञ्चालन गर्नका लागि बर्दियामा रहेका स्थानीय तहको वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी बजेट तर्जुमाका लागि स्थानीय तहलाई अनुरोध गर्ने ।

**निर्णयहरु**

निर्णय नं १) प्रस्ताव नं १ का विषयमा छलफल गर्दा कुनै पनि विपन्न व्यक्ति कानूनी सहायता प्राप्त गर्नबाट बञ्चित नहुन दिन निशुल्क कानूनी सहायता प्राप्त गर्न, बर्दिया जिल्लामा रहेका स्थानीय तहमा कानूनी सहायता शिविर सञ्चालन गर्न, फौजदारी अपराध र न्याय प्राप्ति बारेमा सचेतना गरी अपराध न्यूनीकरणमा सहयोग गर्न, अदालत, सरकारी वकील, जिल्ला कानूनी सहायता समिति, नेपाल प्रहरी, बार, स्थानीय तह र अर्धन्यायिक निकायबाट प्रदान गरिने न्यायिक काम कारबाहीबारे जानकारी दिने सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्न, जिल्लामा देखिएका अपराधका विषयवस्तुहरु लागू औषध, जबरजस्ती करणी, बाल यौन दुर्व्यवहार, मानव बेचबिखन लगायतका लैङ्गिक हिंसा, बालविवाह, बहुविवाह, जातीय छुवाछुत, आत्महत्या, बाल अधिकार, सवारी दुर्घटना, घरेलु हिंसा लगायतका विषयमा जनचेतना र कानूनी सचेतना प्रदान गर्ने, पीडितको संरक्षण लगायतका विषयहरु स्थानीय तहको आगामी आ.व. ०८१।०८२ को वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी बजेट तर्जुमा गर्न बर्दिया जिल्लामा रहेका सबै स्थानीय तहलाई अनुरोध गर्ने। यसका साथै बालबालिकाको हितका लागि बाल कोष, लैङ्गिक हिंसामा परेका ब्यक्तिलाई सहयोग गर्न लैङ्गिक हिंसा कोष, पीडितलाई संरक्षण र सहयोग गर्न पीडित राहत

कोष र विपन्न व्यक्तिलाई कानूनी सहायता प्रदान गरी सहयोग गर्न कानूनी सहायता कोष स्थापनाका लागि अनुरोध गर्ने । कानूनी विषयमा कार्यक्रम तर्जुमा गर्न, कानूनी सहायता र सचेतना, न्यायमा पीडितको पहुँच सम्बन्धी कार्यक्रमहरु निर्माण र सञ्चालनमा स्थानीय तहबाट जिल्ला कानूनी सहायता समिति बर्दियालाई अनुरोध भई आएमा सहकार्य र सहयोग गर्ने निर्णय गरियो ।

२०८१/३/२